# तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्र संख्याः २०८१/०८२
चलानी नः

**बोलपत्र तथा E- bidding को माध्यमबाट प्लाष्टिक टनेल खरिद सम्बन्धी सुचना**
**(प्रथम पटक प्रकाशित मितिः २०८१।०८।२६)**
**<u>सुचना नं TSMC/NCB/AG/1/G/081/082</u>**

यस तुलसीपुर उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालय अन्तर्गत कृषि विकास शाखाले आ.व.२०८१/०८२ को तुलसीपुर उपमहानगरपालिका र जि टु जिको साझेदारीमा संचालित कृषि विकास कार्यक्रम तर्फको **५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल वितरण कार्यक्रममा** कृषकहरुलाई ५० प्रतिशत अनुदानमा बितरण गर्ने कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यहरु बोलपत्र तथा E- bidding को माध्यमवाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारवाट ईजाजत प्राप्त इच्छुक फर्म/उत्पादक कम्पनी वा सप्लायर्सहरुवाट निम्न शर्तहरुको अधिनमा रही प्रथम पटक रित पुर्वकको शिलबन्दि बोलपत्र आव्हान गरिएको छ।

<u>तपसिल :</u>

१. राष्ट्रिय वा स्थानीय दैनिक पत्रिकामा वा यस कार्यालयको वेबसाइट www.tulsipurmun.gov.np मा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात मिति २०८१/०९/२५ गतेसम्म कार्यालय समयभित्र रु ३०००।- (अक्षेरुपी तिन हजार रुपैयाँ) फिर्ता नहुने गरी यस कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कलै नगदी रसिद वा तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, तुलसीपुर दाङको इन्भेष्टमन्ट मेगा बैंक लिमिटेड तुलसीपुर शाखामा रहेको ग.१.१. स्थानीय तह आन्तरिक राजश्व खाता नं ०३१०१४००२५००९२ मा जम्मा गरेको भौचर निवेदन साथ संलग्न राखी यस कार्यालयको आन्तरिक व्यवस्थापन तथा खरिद इकाई शाखा (जिन्सी शाखा) बाट बोलपत्र खरिद गर्न सकिनेछ।

२. खामको बाहिरी भागमा यस कार्यालयलाई सम्वोधन गरी कामको विवरण खुलाई , फर्मको छाप लगाई , शिलबन्दी छाप गरी यस कार्यालयमा मात्र दर्ता गराउनु पर्ने छ । आ.व.२०८१/०८२को व्यवसाय नविकरण भएको इजाजत, आयकर दर्ता प्रमाण पत्र , कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सहित ३१ औं दिन अर्थात मिति २०८१/०९/२६ गते दिनको १२:०० बजे भित्र तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रस्ताव दर्ता गर्न सकिनेछ।

३. यसरी दर्ता हुनआएका प्रस्तावहरु ३१ औं दिन अर्थात मिति २०८१/०९ /२६ गते दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र प्रस्ताव दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा प्रस्ताव खोलिने छ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा हुने छैन।

४. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोही दिनको भोलि पल्ट कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

५. प्रस्ताव साथ तल उल्लेखित रकम नेपाल इन्भेष्टमेन्ट मेघा बैंक लि.मा रहेको तुलसीपुर उपमहानगरपालिका कार्यालय दांगको धरौटी खाता नं.ग-३-०३१०१४००२५००३० मा जम्मा गरेको सक्कल भौचर वा प्रस्ताव दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कलै बैंक जमानत पेश गर्नुपर्ने छ ।

६. प्रस्तावमा आफुले कबोल गरेको मू.अ.क.बाहेकको दर रेट उल्लेख गर्नु पर्ने छ ।प्रस्ताव पेश गर्दा स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।म्याद नाघी आएको र रित नपुगेका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । न्यून अंक कबोल गर्नेको प्रस्ताव मात्र स्वीकार गरिने छ ।

गेहेन्द्र बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२
चलानी नः

७. नेपाल सरकार वा नेपाल सरकारवाट मान्यता प्राप्त वा ISO गुणस्तर मापन गरेको प्रमाणित प्रमाण सहितको कागजात पेश गर्नु पर्नेछ ।

८. कार्यालयको हितलाई ध्यानमा राखी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. सुचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली २०६४ र प्रचलित कानुन बमोजिम हुनेछ।

१०. थप जानकारीका लागी यस कार्यालयको आन्तरिक व्यवस्थापन तथा खरिद इकाई शाखा (जिन्सी शाखा) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ, साथै यो सुचना PPMO website:www.bolpatra.gov.np/epg तथा तुलसीपुर उपमहानगरपालिकाको वेभसाइट www.tulsipurmun.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

११. कामको विवरण निम्नानुसारको छ ।

| क्र.सं. | माल सामानको नाम | स्पेशिफिकेशन | | इकाई | परिमाण | रकम रु. मु.अ.क.सहित | जमानत बाफतको रकम रु. | बोलपत्र खरिद दस्तुर रु | माध्यम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्लाष्टिक टनेल | GSM | 90 | वटा | ६७९ | ३५,९५,३०५ | ९०,०००/ | ३०००। | बोलपत्र तथा E-bidding |
| | | SIZE | 6m*12 m finishing | | | | | | |
| | | COLOR | WHITE | | | | | | |
| | | WAIGHT | 6.48 KG minimum | | | | | | |
| | | CERTIFIED | NS or ISO | | | | | | |
| | | longitudinal direction | 250 kg/cm2 | | | | | | |
| | | Transverse direction | 200 kg/cm2 | | | | | | |
| | | average fencible strength and elongation of break after exposing to UV radiation and weathering, min kgf | minimum 50%, lab report | | | | | | |

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

# वोलपत्र फाराम

तुलसीपुर उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर दाङ

## प्लाष्टिक टनेल खरिद योजना

वोलपत्र नम्वर :TSMC/NCB/AG/1/G/081/082

आ.व.२०८१/०८२

Scanned with CamScanner

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# वोलपत्र फारम

गजेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

मिति:

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यलय
तुलसीपुर , दाङ।

**विषय : वोलपत्र पेश गरेको वारे ।**

प्रस्तुत विषयमा तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तुलसीपुर दाङबाट मिति २०८१/०८/२६ गते प्लाष्टिक टनेल खरिदका लागी प्रकाशित वोलपत्रको सुचना अनुसार प्रचलित कानुन तथा संलग्न शर्तनामाको अधिनमा रही संलग्न फारममा उल्लेखित दर रेटमा उपयुक्त मापदन्ड बमोजिमको प्लाष्टिक टनेल आपुर्ति गर्न इच्छुक भएकोले यो वोलपत्र पेश गरेको छु ।

निवेदक
हस्ताक्षर :
नाम :
ठेगाना :
मिति:

**संम्लग्न कागजातहरु :**

१- रु....................को बैंक भौचर वा वैंक ग्यारेन्टी थान ............
२- वोलपत्र कागजात पाना संख्या ................थान
३- नेपाली नागरिकताको प्रतिलिपी नाथ .......१
४- भ्याट / पान दर्ताको प्रमाण पत्रको प्रतिलिपी .....थान
५- फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी थान .............
६- गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी थान ........
७- स्वघोषणा पत्र
८- नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट बिउ परीक्षण गरेको रिपोर्ट

Scanned with CamScanner

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

गोहेन्द्र बहादुर डाँगी प्रमुख प्रशासकीय अधिकृत

कार्यक्षेत्रगत शर्तहरु :

१. कार्य विवरण :

१.१ प्लाष्टिक टनेल आपुर्ति ।

२. आपुर्ति गर्ने निकाय :

३. आपुर्ति गर्ने स्थल : तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, तुलसीपुर दाङ

४. समय अवधि : २०८१ माघ मसान्त सम्म हुनेछ ।

५. आपुर्ति सम्वन्धि विवरण :

५.१ आपुर्तिकर्ता कम्पनी /फर्मले कार्य संञ्चालन गर्दा तोकिएको इष्टिमेट ,गुणस्तर तथा स्पेशिफिकेसनमा रहेर काम गर्नुपर्ने छ ।

५.२ आपुर्तिकर्ता कम्पनी /फर्मले काममा ढिला सुस्ती तथा विभिन्न वाहानामा ढिला सुस्ती गर्न पाईने छैन ।

५.३ आपुर्तिकर्ता कम्पनी /फर्मले सम्झौतामा उल्लेख भएको समय सिमा भित्र आपुर्ति गरिसक्नु पर्नेछ ।

६. भुक्तानी ब्यवस्था :

६.१ आपुर्तिकर्ता कम्पनी /फर्मले सम्झौतामा उल्लेख भएको समय सिमा भित्र इष्टिमेट तथा स्पेशिफिकेसन अनुसारका प्लाष्टिक टनेल आपुर्ति गरिसकेपछि प्लाष्टिक टनेल खरिद गरेवापतको रकम कार्यालयवाट भुक्तानी हुनेछ ।

७. प्लाष्टिक टनेलको गुणस्तरमा किसानको कुनै गुनासो आएमा आपुर्तिकर्ता नै जवाफदेही हुनेछ।

८. माथि उल्लेखित वाहेकको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

Scanned with CamScanner

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गोरेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

# वोलपत्रदातालाई निर्देशन

१. कार्यक्षेत्र : यस पुस्तीकामा संम्लग्न स्पेशिफिकेसन र परिमाणको कार्य गर्नको लागी वोलपत्र आह्वान गरिएको छ ।वोलपत्रदाताहरुले कार्यक्षेत्रगत शर्तमा उल्लेखित कार्य सम्पन्न गर्नुपर्ने छ ।

२. वोलपत्रदाताहरुले एउटा मात्र वोलपत्र खरिद गर्न सक्नेछन् ।

३. वोलपत्रमा उल्लेखित योग्यता पुगेका इजाजत प्राप्त कम्पनी/फर्म/सप्लायर्स सम्वन्धित वोलपत्र दाता हुनेछन ।

४. वोलपत्र पेश गर्दा लाग्ने खर्च स्वंयम वोलपत्रदाताले ब्यहोर्नुपर्ने छ ।

५. वोलपत्रदाताले वोलपत्र तयार गर्न वा वोलपत्रमा भाग लिनका लागी आवश्यक जानकारी लिन कार्यस्थलको जानकारी लिन कार्यस्थलको निरिक्षण आफ्नै खर्चमा गर्नु पर्नेछ।

६. वोलपत्रमा सम्लग्न कागजातहरु :

क)वोलपत्रआह्वानको सुचना

ख) वोलपत्र फारम

ग) वोलपत्रदातालाई फाराम निर्देशिका

घ) वोलपत्र तथ्यांक विवरण

७. वोलपत्र सम्भाव्य दाताले पेश गर्ने वोलपत्र वारे प्रष्टिकरण वा ब्याख्या चाहेमा लिखितरुपमा अनुरोध गर्नु पर्ने छ र कार्यालयले यसको जवाफ दिनुपर्ने छ ।

८. वोलपत्रको भाषा : वोलपत्रको भाषा नेपाली वा अङ्ग्रेजी हुनेछ ।

९. वोलपत्रमा सम्लग्न कागजातहरु : वोलपत्रमा निम्न कागजातहरु सम्लग्न हुनुपर्नेछ ।

क) वोलपत्र फारम तथा योग्यता सम्वन्धी विवरण

ख) वोलपत्र जमानत

ग) मुल्य अंकित परिमान सुचि

१०. वोलपत्रदाताले पेश गरेको अंकित परिमाण सुचिमा आधारित हुनेछ ।

११. वोलपत्रदाताले सबै प्लाष्टिक टनेलको मुल्य वा दर रेट अक्षरमा वा नेपाली रुपैंयाँमा उल्लेख गर्नु पर्ने छ । उल्लेख नगरेको खण्डमा रद्द गरिनेछ । वोलपत्रदातहरुले तिर्नुपर्ने सबै कर र अन्य शुल्क वोलपत्रमा समावेश गरि मुल्य निर्धारण गरेको मानिनेछ ।

१२. वोलपत्रको मान्यता : वोलपत्रको मान्यता वोलपत्र तथ्यांक सुचिमा उल्लेख भएको अवधि सम्मको लागी मात्र वोलपत्र मान्य हुनेछ ।

Scanned with CamScanner

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

१३. वोलपत्रको जमानत : वोलपत्र तथ्यांक सुचिमा उल्लेख भएको रकम बरावरको जमानत वोलपत्रदाताले वोलपत्र साथ पेश गर्नु पर्नेछ । सुचनामा तोकिएको बैंक धरौटी खातामा रकम जम्मा गरेको भौचर पेश गर्नुपर्ने छ ।

१४. फारम र हस्ताक्षर : वोलपत्र नमेटीने मसीले लेखेको हुनु पर्नेछ । अधिकार प्राप्त ब्यक्तिले हस्ताक्षर भएको हुनुपर्ने छ । वोलपत्रको हरेक पानामा अतिरिक्त थपघट वा सच्याईएको ठाउमा अधिकार प्राप्तब्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ ।

१५. वोलपत्र र संकेत वोलपत्रदाताले बाहिरी खाममा लाहा छाप लगाउनुपर्ने छ ।खामको बाहिरी वोलपत्रमा तथ्यांक सुचिमा उल्लेख भए बमोजिम वोलपत्र माग गर्ने कार्यालयको नाम,ठेगाना र ठेक्का नम्वर समेत स्पष्ट रुपले लेख्नु पर्नेछ ।

१६. वोलपत्र दाखिला गर्ने अन्तिम समय : वोलपत्र तथ्यांक सुचिमा उल्लेखित मिति,समय, र तुलसीपुर उपमहानगरपालिकाको कार्यालयमा सूचनामा उल्लेखित समयवधि भित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ।

१७. म्याद भित्र नआएमा :वोलपत्र म्याद गुजारी आएमा स्विकार गरिने छैन र उक्त वोलपत्रलाई नखोलि वोलपत्रदातालाइ नै फिर्ता गरिनेछ ।

१८. वोलपत्र खोल्ने : वोलपत्र तथ्यांक सुचिमा उल्लेख भएको स्थान, मिति,र समयमा वोलपत्रदाता वा निजको प्रतिनिधीको रोबहरमा खोलिनेछ । यदि वोलपत्रदाता वा निजको प्रतिनिधी नभएमा पनी वोलपत्र खोल्न बाधा पर्ने छैन ।वोलपत्र खोली सकेपछी कार्यालय प्रतिनिधिले वोलपत्रदाताको नाम , निजले कबुल गरेको रकम, कुनै छुट सहुलियत विवरण, जमानत रकम भए नभएको विवरण उचित ठहराएमा अन्य कुनै जानकारी पढेर सुनाउने छ र कार्यालयले वोलपत्र खोलेको अभिलेख तयार गरी उपस्थित सबैको हस्ताक्षर गराउनेछ ।

१९. वोलपत्रको मूल्याङ्कन तथा तुलना : वोलपत्रमा उल्लेखित सबै शर्तहरु पुरा गरेका वोलपत्रहरुको मात्र मूल्याङ्कन तथा तुलनात्मक चार्ट तयार गरिनेछ ।

२०. वोलपत्र स्वीकृत : कार्यालयले वोलपत्रका शर्तहरु अनुरुप रितपुर्व पर्न आएका वोलपत्र मघ्य सबै भण्दा कम अङ्क कवोल गर्ने वोलपत्रदाताको प्रस्ताव स्वीकृत गर्नेछ ।

२१. वोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार : कुनै वोलपत्रदाताको वोलपत्र स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयलको हुनेछ ।वोलपत्र अस्वीकृत वा रद्द भएको कारणवाट कुनै पनी वोलपत्रदातालाई हानी नेक्सानी हुन गएमा कार्यालय जवाफदेही वा जिम्मेवार हुने छैन । अस्वीकृत वा वोलपत्र प्रदान गर्नु अगावै कुनै कारण नजनाई वोलपत्रदातालाई विना जानकारी वोलपत्र प्रकृया अस्वीकृत गर्ने सम्पुर्ण अधिकार तुलसीपुर उपमहानगरपालिका तुलसीपुरलाई हुनेछ ।

Scanned with CamScanner

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

२२. वोलपत्रको सुचना तथा सम्झौतामा हस्ताक्षर गर्न : वोलपत्रमा मान्य हुने अन्तिम समय अगावै तुलसीपुर उपमहानगरपालिकाले स्वीकृत भएको वोलपत्रदातालाई सूचीकृत गर्नेछ । स्वीकृत पत्रमा वोलपत्रको रकम उल्लेख हुनेछ । फर्म/कम्पनी वा सप्लायर्सले वोलपत्रमा उल्लेख भए बमोजिमको कार्य सम्पन्न गरेमा तुलसीपुर उपमहानगरपालिकाले भुक्तानी दिनेछ । स्वीकृत पत्र पठाएको ७ दिन भित्र तुलसीपुर उपमहानगरपालिकाले सम्झौता पत्रमा हस्ताक्षर गरी स्वीकृत भएको भएको वोलपत्रदातालाई पठाउनु पर्ने छ ।स्वीकृत सम्झौता पत्र भएको सात ७ दिन भित्र हस्ताक्षर गरी तुलसीपुर उपमहानगरपालिकालाई बुझाउनु पर्ने छ ।

२३. वोलपत्र दाखिला गर्ने फर्म/कम्पनी/सप्लायर्सहरुको वोलपत्रदाताहरुले व्यवसाय दर्ता तथा नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।

२४. नेपाल सरकार वा ISO गुणस्तर मापन प्रमाणित प्रमाण सहितको कागजात पेश गर्नु पर्नेछ ।

२५. कार्य सम्पादन : वोलपत्र स्वीकृत भएको ७ दिन भित्र वोलपत्रदाताले नियमानुसार रु. ९०,०००।(अक्षेरुपी नब्बे हजार मात्र ) जमानत बापत नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. तुलसीपुर उपमहानगरपालिकाको कार्यालय दाङको धरौटी खाता नं.ग-३-०३१०१४००२५००३०।- मा जम्मा गरेको सक्कल भौचर वा तुलसीपुर उपमहानगरपालिका दाङको नाममा जारी भएको सक्कलै बैङ्क जमानत (बैक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

२६. वोलपत्र खरिद बापतको रकम नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. तुलसीपुर उपमहानगरपालिकाको कार्यालय दाङको राजश्व खाता नं.ग-१-१ ०३१०१४००२५००९२।- मा जम्मा गरेको भौचर रु. ३,०००।०० (अक्षेरुपी तिन हजार मात्र) राजश्व जम्मा गरी प्राप्त गर्न सकिनेछ।

Scanned with CamScanner

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

# वोलपत्रको तथ्यांक विवरण (Bid Data)

यो वोलपत्रको तथ्यांक फारम ठेक्काको अंग मानिने छैन

| आइटम | धारा | विवरण |
|---|---|---|
| वोलपत्र पुस्तिकाको स्पस्टिकरण अनुरोध गर्ने | ७ | वोलपत्र खोल्नु भन्दा ७ दिन पहिले |
| वोलपत्रको भाषा | | नेपाली /अङ्ग्रेजी |
| वोलपत्रमा संम्लग्न हुनुपर्ने कागजातहरु | ८ | १) वोलपत्र फारम र योग्यता सम्वन्धि विवरण<br>२) वोलपत्र जमानत<br>३) मूल्य अंकित परिमाण सुचि<br>४) प्लाष्टिक टनेल गुणस्तर मापनको कागजातहरु, आदी |
| तुलसीपुर उपमहानगरपालिका दाङको धरौटी खाता नं. | ९ | नेपाल इन्भेष्टमेन मेघा बैक ग-३-०३१०१४००२५००३० |
| वोलपत्रको जमानत | १३ | रु ९०,०००। वा सो बराबरको बैंक ग्यारेन्टी |
| कार्यालयको ठेगाना | १५ | तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ |
| वोलपत्रको खरिदको समय अबधी | १६ | मिति :२०८१/०९/२५<br>समय : कार्यालय समय भित्र<br>ठेगाना : तुलसीपुर उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालय तुलसीपुर , दाङ ३० दिन |
| वोलपत्र दाखिलाको अन्तिम म्याद र ठेगाना | १७ | मिति :२०८१/०९/२६<br>समय : १२:०० बजे सम्म<br>ठेगाना : तुलसीपुर उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालय तुलसीपुर , दाङ |
| वोलपत्र खोलिने मिति र समय | १८ | मिति : २०८१/०९/२६<br>समय : २:०० बजे<br>ठेगाना : तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तुलसीपुर , दाङ |

Scanned with CamScanner

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७२

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

# Bill of Quantity

| क्र.सं. | माल सामानको नाम | स्पेसिफिकेशन | | लागत अनुमान | | कबोल अंक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | इकाई | परिमाण | दर रु. अंकमा | दर रु. अक्षरमा | जम्मा रकम रु. | |
| १ | प्लाष्टिक टनेल | GSM | 90 | वटा | ६७९ | | | | |
| | | SIZE | 6m*12 m finishing | | | | | | |
| | | COLOR | WHITE | | | | | | |
| | | WAIGHT | 6.48 KG minimum | | | | | | |
| | | CERTIFIED | NS or ISO | | | | | | |
| | | longitudinal direction | 250 kg/cm2 | | | | | | |
| | | Transverse direction | 200 kg/cm2 | | | | | | |
| | | average fencible strength and elongation of break after exposing to UV radiation and weathering, min kgf | minimum 50%, lab report | | | | | | |